आज मिति २०७५ साल चैत्र २३ गते शनिबारका दिन आठबीसकोट नगरपालिका स्तरीय प्र०अ० बैठक श्री हिमालय मा०वि० दाँजेका प्र०अ० नरेन्द्र आर०सी०को अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा निम्न प्रस्तावहरूमा छलफल गरि निम्नअनुसारका निर्णयहरू गरियो ।

उपस्थितिहरू :-

१. नरेन्द्र आर०सी० प्र०अ० श्री हि०मा० वि० दाँजे
२. सौखिलाल तामाङ० श्री बा० कु०मा०वि० आठबीसकोट
३. चन्द्र कुमार मल्ल श्री आदर्श मा०वि० घेटमा
४. हरिमान खत्री नै०रा०मा०वि० कुलीवार्ड
५. राजेन्द्र चन्द नेपाल राष्ट्रिय मा०वि०गतविन
६. कृष्णराज के०सी० प्र०अ० हिमालय मा०वि०(व)
७. कर्ण बहादुर पुन सिर्जना आ०वि० पिपलबोट
८. पूर्ण बहादुर चन्द प्र०अ० जनता मा० वि० मिम्चौर
९. कर्ण बहादुर परियार प्र०अ० आधारभूत विद्यालय घेटमा
१०. धुबराज ओली घत्राज ओली मा०वि घारिकोला
११. मरिचमान विष्ट प्र०अ० ज्ञानोदय मा०वि० चौतारा
१२. रेशम चन्द नविन प्राथमिक विद्यालय पहरे
१३. भरेलाल कुढाथोकी श्री शाहकुमारी आ०वि० १ रुकुम
१४. गंगा कुमारी बुढा श्री त्रिवेणी आ० वि० १२ (रुकुम)
१५. खड्ग बहादुर मल्ल लालीगुराँस आ०वि
१६. गंगाराम थापा श्री स०मा०वि० मिर्गुं ५
१७. जीत बहादुर ओली श्री शाहिद स्मृति नमुना मा०वि.
१८. भरत कुमार मल्ल श्री जनविकास मा०वि० बरपोखरी
१९. रतिभान वि०क० श्री जनप्रकाश मा०वि० गोही
२० तारापति पुरी श्री सूर्योदय मा०वि० ठोली
२१. कृष्ण बहादुर घर्ती श्री सरस्वती आ०वि० स्याला
२२. श्री लोकेन्द्र खाद्री ॥ ॥

विशेष उपस्थिति :-

१. थलवीर ओली शिक्षा संयोजक
२. कामेश्वर नायक स्रोतव्यक्ति
३. मान बहादुर बराला शिक्षा प्रतिनिधि
४. मुक्ति प्रसाद रिजाल मिवाज एजुकेशन प्रतिनिधि

अन्य उपस्थितिहरु :-

१. चन्द्रलाल रिजाल मिवाज एजुकेशन
२. रतिभान वि.क. - शिक्षक

प्रस्तावहरु:-

१. शैक्षिक भ्रमण सम्बन्धमा
२. नतिजा प्रकाशन सम्बन्धमा
३. तालिम संचालन सम्बन्धमा
४. रनिङ शिल्ड संचालन सम्बन्धमा
५. भर्ना अभियान सम्बन्धमा
६. शैक्षिक क्यालेन्डर सम्बन्धमा
७. पोशाक सम्बन्धमा

निर्णयहरु :-

निर्णय नं १: प्रस्ताव नं १ माथि छलफल गर्दा आठबीसकोट नगरपालीका अन्तरगत संचालित मा०वि० तह र आधारभूत तह कक्षा (६-८) कार्यरत प्रधानाध्यापकहरुको शैक्षिक अध्ययन भ्रमण मिति २०७६ बैशाख १५ गते देखि बाँके, पुरवल नारायणघाट हुँदै दार्जीलिङ सम्म

विशिष्ट नमुना विद्यालयको भ्रमण नगरपालिका को आर्थिक सहयोगमा गर्ने निर्णय गरियो।

निर्णय नं: २

प्रस्ताव नं २ माथि व्यापक छलफल गर्दा नगरस्तरीय कक्षा ८ र कक्षा ५ को वार्षिक परीक्षाको नतिजा प्रकाशन मिति २०७५ चैत्र २६ गते गर्ने र कक्षा ८ र कक्षा ५ को नतिजा तथा मौका परीक्षा देहायबमोजिम गर्ने निर्णय गरियो।

तपसिल

(i) कक्षा ८ को सम्बन्धमा कुनै दुई विषयमा D+ भन्दा न्युन नतिजा भएमा ग्रेड वृद्धि परीक्षाको लागी मौका दिने र सो परीक्षा २०७६ साल वैशाख ८ गतेबाट नगरपालिका स्थित बा.क.मा.वि र शहिद स्मृति नमुना मा.वि.मा संचालन गर्ने र सोको लागी परीक्षा शुल्क बापत रु ५०० प्रति व्यक्ति का दरले लगाउने र सो परीक्षाको आवेदन फारम २०७६ वैशाख ५ गते भित्र भरिसक्नुपर्ने।

(ii) कक्षा ५ को सम्बन्धमा चारओटा विषयमा सैद्धान्तिक तर्फ D+ र ~~कुनैमा~~ २ ओटा विषयसम्म सैद्धान्तिक तर्फ D ग्रेड हासिल गरेका विद्यार्थी लाई कक्षा ६ मा भर्ना गर्ने।

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि छलफल गर्दा आठबीसकोट नगरपालीका अन्तरगतका मा.वि. र आधारभूत

तह कक्षा (६-८) मा कार्यरत अंग्रेजी विषयका शिक्षकहरूलाई आठबीसकोट न.पा. को आर्थिक र प्राविधिक सहयोगमा मिति २०७६ साल बैशाख २५ गते देखि प्र०अ०, प्र०अ० र लेखापाल को तालिम क्रमशः ३½ महिना, ५ दिन र ३ दिन सँचालन गर्ने निर्णय गरियो।

निर्णय नं: ४: प्रस्ताव नं ४ माथि छलफल गर्दा नगरपालीका स्तरिय रानडे० शिल्ड श्री हिमालय मा०वि० खलीमा मिति २०७६ साल जेठ८गते बाट १२ गते सम्म सँचालन गर्ने र शिल्डमा तपशिल बमोजिमका प्रतियोगिताहरू सँचालन गर्ने साथै कक्षा १०सम्मका विद्यार्थीहरू सहभागी हुनपाउने, SEE दिएर गएकालाई सहभागी नगराउने र कक्षा १०मा अध्ययनरत विद्यार्थीहरु २ बर्ष अगाडी कक्षा ८ पास गरेको हुनुपर्ने निर्णय गरियो।

तपशिल:

I दौड:- १००मि. २००मि०, ४००मि०, ८००मि० सम्म केटीहरू र माथि सहित १५००मि. छात्रतर्फ संचालन गर्ने।

II रिले दौड: १००×४ र ४००×४ छात्र र छात्रा तर्फ सँचालन गर्ने

III हाइजम्प, लङ्जम्प, ट्रिपलजम्प, सटपुट, ज्याभालिन थ्रो र भलिबल छात्र र छात्रा दुवैतर्फ सँचालन गर्ने

IV सांस्कृतिक कार्यक्रम: नि०मा०वि र

माoवि० तर्फ संचालन गर्ने तर यसको अंक शिल्डमा नजोड्ने।

v. वाद्यवादन

vi) शिल्डमा भलिबलमा १०,७५२ अंक र अन्यमा ५,३५२ अंक ~~~~ क्रमशः प्रथम, द्वितिय र तृतिय हुनेलाई प्राप्त हुने निर्णय गरियो।

(vii) भलिबल र रिले दौड बाहेक फिल्डमा ट्र्याकमा गरि ३ ओटा खेलमा १ विद्यार्थीले भाग लिन पाउने।

(viii) सांस्कृतिक तर्फ माoवि०लाई ड्र्याकनृत्य र निoमाoवि०लाई लोकनृत्य प्रतियोगिता संचालन गरिने।

निर्णय नं ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा शैक्षिक सत्र २०७६ को भर्ना अभियान "हाम्रो नगर हाम्रो गाउँ सबै बालबालिकालाई विद्यालयमा पुऱ्याउँ" भन्ने नाराका साथ मिति २०७६ बैशाख ३ गते बाट १५ गते सम्म संचालन गर्ने र त्यसपछि कोही छुटेमा घरदैलो अभियान संचालन गर्ने र ~~~~ सहयोग/चन्दा लिनुपरेमा वि०व्य०स० र शि०अ०संघको वडा अध्यक्ष/नगर प्रतिनिधिको छलफलमा उपयुक्त रकम लिन सकिने निर्णय गरियो।

निर्णय नं ६:- प्रस्ताव नं ६ माथि छलफल गर्दा शैक्षिक सत्र २०७६ को बार्षिक शैक्षिक क्यालेण्डर आ० न०पा० शिक्षा युवा तथा खेलकुद शाखाले २०७६ ~~~~ बैशाख १० गते

सम्म विद्यालयलाई उपलब्ध गराउँदै र मितव्ययिता विदा १५ दिन दशैं तिहारको बिचमा र आषाढमा १५ र पौषमा १५ दिन गर्ने साथै विद्यालयको अनुकुलतामा आषाढमा मात्रै वा पौषमा मात्रै ३० दिन गर्न सकने निर्णय गरियो।

निर्णय नं ८:- प्रस्ताव नं ८ माथि व्यापक छलफल गर्दा आठबीसकोट नगरपालीका अन्तरगतका कक्षा बालशिक्षा देखि कक्षा १० सम्मका विद्यार्थीहरूलाई नगरपालिकाले आधा र अभिभावकले आधा खर्च बेहोर्ने गरी एकै प्रकारको पोशाक उपलब्ध गराउने निर्णय गरियो र नगरपालीका सम्पूर्ण शिक्षकले कालो पाइन्ट, कोट वा जुवाहारी कोट वा ह्याकोट र सेतो सर्ट प्रयोग गर्ने निर्णय गरियो। साथै कक्षा ४, ५ को गणित र विज्ञान अनिवार्य रूपमा अंग्रेजी माध्यममा शिक्षण गर्ने निर्णय गरियो।

यतिकैमा आजको बैठक सौहार्द पूर्ण वातावरणमा समापन गरियो।